# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### आगामी मौद्रिक नीतिसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

आर्थिक वर्ष २०७७/७८ को मौद्रिक नीति तर्जुमाको सुझाव लिने सिलसिलामा नेपाल राष्ट्र बैंकले २०७७ असार २५ गते काठमाडौंमा सरोकारवाला क्षेत्रका प्रतिनिधिहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गर्‍यो।



गभर्नर महा प्रसाद अधिकारीको उपस्थितिमा बैंकले वेबिनार (Webinar) मार्फत उक्त अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो। डेपुटी गभर्नर शिवराज श्रेष्ठले कार्यक्रमको संयोजन/सहजीकरण गर्नु भयो। सो अवसरमा बैंकका प्रवक्ता एवम् अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. गुणाकर भट्टले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै स्वागत मन्तव्य राख्नु भयो।

कार्यक्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष, त्रिभुवन विश्वविद्यालय, अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख, नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, होटल एसोसिएसन अफ नेपाल, नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्टस्, नेपाल चेम्बर अफ कमर्स, नेपाल निर्यात परिषद्, नेपाल बैंकर्स एसोसिएसन, डेभलपमेन्ट बैंकर्स एसोसिएसन अफ नेपाल, नेपाल वित्तीय संस्था संघ, नेपाल लघुवित्त बैंकर्स संघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, कर्मचारी सञ्चय कोष, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, बीमा समितिलगायत विभिन्न संघ संस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

कार्यक्रममा सहभागी उद्योगी, व्यवसायीहरूले कोभिड-१९ बाट प्रभावित उद्योग व्यवसायीका निम्ति मौद्रिक नीतिमार्फत राहतका प्याकेज उपलब्ध गराइनु पर्नेमा जोड दिनु भयो। व्यवसायीहरूले कर्जाको साँवा र व्याज भुक्तानीका निम्ति पुनरतालिकीकरण गर्न र कर्जाको पुनरसंरचना हुनु पर्नेलगायतका विषयहरूमा जोड दिनु भयो।



कार्यक्रममा गभर्नर अधिकारीले कोभिड-१९ बाट प्रभावित व्यवसायीका समस्याका सम्बन्धमा मौद्रिक नीतिमार्फत उचित सम्बोधन गरिने जानकारी दिनु भयो। क्षमता हुनेले असारभित्र साँवा र व्याज भुक्तानी गर्नुपर्ने र नसक्नेको हकमा समयसीमा बढाइने भएकोले व्यवसायीहरूलाई नआत्तिन आग्रह गर्नुभयो। साथै व्यवसायीलाई अनावश्यक रूपमा दवाव नदिन उहाँले बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो।

वेबिनारमा प्राप्त सुझावलाई समेटेर मौद्रिक नीति जारी गरिने उहाँको धारणा थियो।

गभर्नर अधिकारीले वेबिनार कार्यक्रममा सक्रिय रूपमा सहभागी भई सुझाव दिनु भएकोमा सबैलाई धन्यवाद दिनुभयो।

मिति २०७७ असार २५, बिहीबार।

गभर्नरको कार्यालय